चिसोमा कोरोना संक्रमणको जोखिम कति ? । पृष्ठ ३ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१३, ● अंक-१८ ● २०७७ मंसिर १ गते सोमबार, ● 16 Nov. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# सिमभन्ज्याङमा कृतिम पर्वतीय ताल बनाउने मन्त्री फुयाँलको अठोट

विकास संवाददाता
थाहा नगर

सिमभन्ज्याङ । मकवानपुरको अग्लो भू-भाग । यहाँ वर्षेनी हिउँ पर्छ । कठ्याङ्ग्रीदो मौसम रहेको सिमभन्ज्याङमा २७ कात्तिक विहानै बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल पुगे । मन्त्री फुयाँल पुगेको एक्कैछिनमा थाहानगर प्रमुख लवशेर विष्ट पुग्न भ्याइहाले । ४ नम्बर वडा अध्यक्ष दिपकसिं लामा अनि करूणाभूमि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बिनोद लामा भने पहिल्यै सिमभन्ज्याङ पुगिसेका थिए । मन्त्री र स्थानीय सरकारका प्रतिनीधिहरू देखेपछि स्थानीयहरू झुरूप्प भए, टेबल कुर्सी मिलाउँदै सिमभन्ज्याङ पुगेका सरकारका प्रतिनीधिलाई स्थानीयहरूले माला लगाएर स्वागत गरिहाले ।

मन्त्री फुयाँलको साथमा अधिकांश विषय विज्ञहरू थिए । टोलीमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव संजीव बराल, भिमफेदी कुलेखानी सुरूङमार्ग प्रमुख नवीन सिंह, जलस्रोत तथा सिंचाइ विकास डिभिजनका प्रमुख मनोहर रिजाल, खानेपानी डिभिजन प्रमुख लगायतका व्यक्तित्वहरू उनकै टिममा थिए । यतिबिध्न व्यक्तित्वहरूको उपस्थिती घुमफिरका लागि थिएन । मन्त्रीसहितको टोली विकासे 'एजेण्डा' लिएर सिमभन्ज्याङमा जम्मा भएका थिए । करूणाभूमि सामुदायिक वन क्षेत्रमा पर्ने पर्वतीय कृतिम ताल सिमभन्ज्याङको निर्माण नै सबै जनाको 'विकासे एजेण्डा' थियो । करिब एक दशक अघिबाट निर्माण प्रारम्भ गरिएको ताललाई पर्यटकीय



आकर्षण सहित पूर्वाधार विकास गर्नका लागि नगरपालिकालाई घच्घच्याइ रहेका सामुदायिक वनका अध्यक्ष बिनोद लामाले आफ्नो विकासे प्रस्ताव मन्त्री सामु हाकाहाकी राखे । पर्यटकीय छँटाले उपयुक्त सिमभन्ज्याङको विकासमा चासो व्यक्त गरेरै पुर्वाधार विकास मन्त्री फुयाँल एका विहानै पुगेका थिए । प्रस्ताव र चासो दुबै मिल्यो, ताल बन्नेमा सिमभन्ज्याङ बासीमा आशा पलाएको छ ।

सिमभन्ज्याङलाई मन्त्री फुयाँलले स्वर्गकै टुक्रा ठाने । र, भने-'जो यहि बस्यो कठीन छ, जो कहिले काहीँ आउँछ उसलाई निकै रमाइलो छ ।' चिसो पानी, सिरेटो उस्तै, छिनमै घाम छिनमै कुहिरो यहाँको विशेषता नै हो । सिमभन्ज्याङलाई पर्यटकीय क्षेत्रको रूपमा थप व्यवस्थित गर्न मन्त्री फुयाँलले सुझाव दिए । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकार हातेमालो गर्ने मन्त्री फुयाँलले बताए । पर्वतीय कृतिम ताल पुर्वाधार विकास मात्र होइन, उनले भने-'यसको कयौ विशेषता छ र, निर्माण व्यवस्थित गर्नुपर्छ भन्ने उद्देश्यले म सिमभन्ज्याङ आएको हुँ ।' जनताप्रति प्रश्न गर्दै फुयाँलले भने-'रानीपोखरीमा पानी अड्याउन सक्ने सिमभन्ज्याङमा अड्याउन किन नसक्ने ? यो संभवन छ, तत्काल भौतिक पूर्वाधार मन्त्रालयबाट अध्ययन प्रारम्भ हुन्छ ।' उनले भने-'यसका लागि मूल काम त सामुदायिक वनले गर्नुपर्छ, प्रदेश सरकार पछाडि नपरी अघि बढ्छ ।'

थाहानगर नै दक्षिण एशियाकै सुन्दर र सौन्दर्य नगरपालिका हुनेमा विश्वास व्यक्त गर्दै ताल निर्माणको काममा अघि बढ्न जनतालाई मन्त्री फुयाँलले उत्साह थपे । मन्त्री फुयाँल फिल्डमै पुगेर तालमा जम्मा हुने पानीको स्रोत पहिल्याए । मुहानमै पुगेर आफ्ना प्राविधिक टोलीसंग सल्लाह समेत लिन भ्याए । प्राविधिक टोलीले पानीको स्रोत पुग्दो भएको धारणा राखे । जलस्रोत तथा सिंचाइ विकास डिभिजन मकवानपुरका प्रमुख मनोहर रिजाले पर्वतीय तालका लागि ठाउँ र मुहान उपयुक्त भएको मन्त्री फुयाँललाई सुझाए । पर्यटकहरूलाई आकर्षित गर्नका लागि फूल र रूख रोप्न मन्त्री फुयाँलले आग्रह गरे । उनले भने-'घर-घर अगाडि फुल रोप्न कस्ले छेक्छ, रूख रोप्न कस्ले रोक्छ ?' सिमभन्ज्याङमा तालको आकर्षणसहित फुल र हरिया रूखले थप मनमोहक हुने उनको धारणा थियो । 'हरियाली बागमती' प्रदेश सरकारको नारा नै छ, यसमा पनि परेको सहयोग गर्न मन्त्रालय तयार रहेको उनको भनाइ थियो । तीन तहको सरकारको समन्वयको थालनी बागमती प्रदेश सरकारले गर्ने बताउँदै उनले भने-'यो मेरो प्रतिबद्धता भयो ।' समुदाकयिक वनको नेतृत्वमा फुल र रूख रोप्ने कार्यक्रम अघि बढाउन सुझाव दिदै भने-'सामुदायिकको पहिलो बैठकमा निर्णय गर्नुहोस्, कार्यान्वयन भएको हेर्न यहि बाटो आउँछु ।' उनले थपे-'एक महिना पछाडि सामुदायिक वनसंग बैठक बस्न आउँछु ।'

कार्यक्रममा थाहानगर प्रमुख लवशेर विष्टले ठूला पुर्वाधार विकासका लागि नगरपालिकासंग बजेटको कमी हुने सुनाए । यसअघि थाहा नगरपालिकाले जम्मा तीन लाख बजेट विनियोजन गरेकोमा छेउ पनि विकास गर्न नसकेपछि प्रदेश सरकार गुहारेको विष्टको भनाइ छ । प्रदेश सरकारको सहयोगमा कृतिम पर्यतीय ताल सिमभन्ज्याङको निर्माण सक्ने कुरामा मन्त्री फुयाँल समक्ष विष्टले

बाँकी पृष्ठ ५ मा

## मकवानपुरमा बलात्कारका घटना बढ्यो

◆ विकास संवाददाता

तीन वर्षको तथ्यांक तुलना गर्दा मकवानपुरमा बलात्कारका घटनामा वृद्धि भएको छ । आर्थिक वर्ष ०७४/७५ मा २२ वटा बलात्कारका घटना दर्ता भएको मकवानपुरमा आव ०७५/७६ मा ३२ र ०७६/७७ मा ३६ वटा पुगेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालू आर्थिक वर्ष ०७७/७८ को असोज दोस्रो सातासम्म १० वटा बलात्कारका घटना थप दर्ता भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी इन्द्रबहादुर रानाले जानकारी दिए । यो अवधिमा एउटा हाडनाता करणी दर्ता भएको रानाले बताए । बलात्कार प्रयासका घटना ३ आर्थिक वर्षमा बराबर रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ । आव ०७४/७५ मा १०, आव ०७५/७६ र ०७६/७७ मा समान आठ-आठवटा बलात्कार प्रयासका घटना दर्ता भएको प्रहरीले जनाएको छ ।

यसैगरी बालयौन दुरूपयोग पनि बढेको छ । आव ०७५/७६ मा सात र आव ०७६/७७ मा आठवटा बालयौन दुरूपयोग भएको प्रहरीको तथ्यांक छ । बितेको तीन वर्षमा जातीय छुवाछुत र अप्राकृतिक मैथुनका घटना दर्ता भएको छैन । प्रवक्ता रानाले जनचेतना अभिवृद्धि गर्नु नै यौनजन्य हिंसा न्यूनीकरणको प्रमुख उपाय भएको बताए । उनले बलात्कारका घटना शून्य नहुने भन्दै यसलाई न्यूनीकरण गर्न सचेतना फैलाउने, आत्मरक्षाका लागि तालिम लिनेलगायतका थुप्रै उपाय अपनाउनुपर्ने दाबी गरे ।

मानिसको मानसिक खराबीकै कारण बलात्कार बढेको भन्दै यसलाई न्यूनीकरण गर्न जनचेतना बढाउनुपर्नेमा सबै निकायको ध्यान पुग्नुपर्ने रानाको भनाइ छ ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

**नेपाल सरकारको सूचना !**

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सुरक्षित एवम् सुखद् जीवन यापन गरौं ।

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## उपभोक्ताको अधिकारलाई ध्यान देऊ

यतिबेला नेपालीहरुको घर आँगनबाट महत्वपूर्ण चाड दशैं विदा भएर गएको छ भने तिहार पनि हाजैबाट विदा हुँदैछ । त्यसोतः छठलगायत चाडपर्वहरु नजिकिदै आइरहेका छन्। हुन त विश्वव्यापी कोरोना महामारीका कारण यस वर्ष चाडपर्वको रौनक विगतको जस्तो रहेन। तैपनि दशैं, तिहार, छठजस्ता महत्वपूर्ण चाडपर्वहरु नेपाली संस्कृतिका अभिन्न अंग जस्तै भइसकेकाले यसलाई घर परिवारमै सीमित गरेर भए पनि मनाउने काम भइरहेको छ। चाडपर्वको रमाइलो शारदीय मौसमसँगै धेरै खर्च गर्ने बानीले गर्दा नेपालीहरुको थाप्लोमा ऋण बढ्छ। सँगसँगै अभाव र महंगी पनि बढ्ने गर्छ। चाडपर्वको मौसममा दैनिक उपभोग्य वस्तुको खपत अत्यधिकरुपमा बढ्ने हुँदा हरेक वर्ष यी वस्तुहरुको मूल्य बृद्धि हुने गर्छ। यसरी अस्वाभाविकरुपमा बढ्ने मूल्यलाई नियन्त्रण गर्ने दायित्व प्रमुखरुपमा राज्यको हो। तर खुला बजार र खुला अर्थतन्त्रका कारण यस्ता मामिलामा राज्य भूमिकाबिहीन बन्दैछ। उसले आफू मातहतका संस्थानहरुलाई परिचालन गरेर बजारमा थोरै नै किन नहोस् हस्तक्षेप गर्न सक्नुपर्ने हो, तर सक्दैन। यस वर्ष दैनिक उपभोग्य वस्तुहरुको मूल्य तीब्ररुपमा बढिरहेको छ। दशैं तिहारको मुखमा दाल, तेल, चिनीलगायतका उपभोग्य वस्तुहरुको मूल्य बीस प्रतिशतसम्म बढेको छ। व्यवसायीहरु आफ्नो स्वार्थका खातिर मुनाफा केन्द्रित हुँदा र राज्यका नियामक निकायहरुले काम गर्न नसक्दा बजार अनियन्त्रित हुँदै आएको छ।

सामाजिक  उत्तरदायित्व बिर्सेका र व्यावसायिक नैतिकता गुमाएका व्यक्ति वा समूहले बजारमा कब्जा जमाउँदै आएका छन्। आमउपभोक्तासँग सिधा सम्पर्क हुने खुद्रा व्यवसायी पनि निरीह बन्नुपर्ने बाध्यता छ। हाम्रो जस्तो कमजोर, सानो र परनिर्भर अर्थतन्त्र भएको मुलुक आर्थिकरुपमा सबल बन्नका लागि कृषिमा आत्मनिर्भर बन्न जरुरी छ। खाद्यान्नमा मात्रै आत्मनिर्भर हुन सक्ने हो भने मुलुकको अर्बौं रकम विदेशिनबाट रोकिनेछ। स्वदेशको उत्पादनलाई ठीकढंगले व्यवस्थापन गर्ने जिम्मेवारी राज्यको हो। राज्यका जिम्मेवार निकायहरु यस्ता कुरमा पटक्कै संवेदनशील देखिन्नन्। हाम्रो बजार उपभोक्तामैत्री छैन। चाडपर्वको मौकामा कालोबजार यति मौलाउँछ कि बजारमा बासी, सडेगलेका, म्याद नाघेका अखाद्य वस्तुको बोलबोला हुन्छ। चाडपर्वमा मूल्य बृद्धि हुनु भनेको त नेपाली बजारको नैसर्गिक विशेषता बन्न पुगेको छ। कोरोना कहरका कारण नागरिक जीवन अत्यन्तै अप्ठेरोमा छ। रोजगारीका अवसरहरु गुमेका छन्। अर्थतन्त्र चलायमान हुन सकेको छैन। दैनिक जीवन सहज बन्न सकेको छैन।

अहिले नागरिकलाई राज्यको अभिभावकत्व आवश्यक भएको समय हो । तर यतिबेला सर्वसाधारण नागरिकले सरकार भएको अनुभूति गर्न सकेका छैनन्। विशेषगरी नागरिकको जनजीविका एवं स्वास्थ्यप्रति सरकार र त्यसका निकायहरु संवेदनशील देखिएनन्। अहिले त नागरिकका जनजीविकाका मुद्दाहरु प्रतिपक्षी दलहरुले समेत उठाउन छोडिसकेका छन्। अहिलेसम्म नागरिकले महंगी, अभाव, गरिवीलगायतका सबै पीडाहरु सहँदै आएका छन्। जस्तोसुकै परिस्थितिमा पनि राज्यले आफ्नो भूमिकालाई कमजोर बनाउनु हुँदैन। यस्तो भयो भने जनतामा निराशा बढ्छ र अन्ततः त्यो निराशा आक्रोशमा परिणत हुन्छ। यसर्थ स्थानीय सरकार गम्भीर हुन आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विद्यालय शिक्षामा शैक्षिक क्यालेन्डरको महत्व

शैक्षिक क्यालेन्डर सामान्यतया शैक्षिक सत्रको प्रारम्भ वैशाखदेखि नै लागू हुने गरी अघिल्लो चैत महिनाभित्र  बनाउनुपर्छ । क्यालेन्डर बनाउनका लागि विषय शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति, आवश्यकताअनुसार अभिभावकलगायतका क्यालेन्डरमा समावेश गरिने विषयवस्तुसँग सरोकार राख्ने व्यक्तिहरुको सहकार्यमा  बनाउनुपर्छ । क्यालेन्डरमा शैक्षिक सत्रभरि पढाइने विषयका पाठहरुको विभाजन यथाशक्य विस्तृत एवम् आकर्षक रूपमा प्रस्तुत गरिनुपर्छ । वर्षभरि विद्यालय खोलिने दिन, सार्वजनिक बिदा, विभिन्न परीक्षा समय, अतिरिक्त क्रीयाकलाप, सूचना तथा सन्देशमूलक भनाइहरु एवं शिक्षक विद्यार्थीले पालना गर्नुपर्ने आचरसंहितालगायतका विषयवस्तुलाई समावेश गर्न सकिन्छ । स्थानीय सामाजिक मूल्य-मान्यत, संस्कार, संस्कृति र परम्पराको संवेदनशीलतालाई समेत हेक्का राखेर मात्र क्यालेन्डर बनाउनुपर्छ ।



बाबुकाजी कार्की

शिक्षण संस्थालाई शिक्षा आर्जन गर्ने उत्कृष्ट मर्यादित थलोका रूपमा पहिचान कायम गर्न विविध पक्षहरूको आवश्यकता पर्छ । भविष्यदर्शी शैक्षिक योजना, समसामयिक पाठ्यक्रम, पेसाप्रति समर्पित जवाफदेही योग्य शिक्षक, कुशल शैक्षिक नेतृत्व भएको प्रधानाध्यापक, उत्साही निष्पक्ष व्यवस्थापन समिति, अनुशासित विद्यार्थी, सचेत अभिभावक, जागरूक समुदाय, पर्याप्त स्रोत-साधन, अभिभावकीय भूमिका निर्वाह गर्ने सहयोगी सरकारी निकाय गुणस्तरीय शिक्षाका लागि वरदान हुन् । पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, सदाचार र शिष्टता तथा इमानदारिताले शिक्षण संस्थाको पवित्रता र गरिमालाई उच्च बनाउन योगदान पुऱ्याउँछ ।

शिक्षण संस्थाका शैक्षणिक गतिविधिहरू योजनाबद्ध रूपमा सञ्चालनका लागि आवश्यक नीति र कार्यक्रमहरू क्यालेन्डरमा समावेश गरिन्छ। भनाइ पनि छ, बालीनाली लगाउन १ वर्ष, फलफूल खेतीका लागि कम्तीमा १० वर्ष र मानिसको शिक्षाका लागि १ सय वर्षको योजना बनाउनुपर्छ । कार्यक्रमहरूको गति र प्रगतिको समीक्षा गरी समयमा नै सच्याएर सुधार ल्याउन सचेत पार्ने एक सशक्त सूचक पनि हो– शैक्षिक क्यालेन्डर। कार्यक्रममा पारदर्शिता, विकेन्द्रित जिम्मेवारी एवं जवाफदेहिता, कार्यदक्षताको निष्पक्ष र वस्तुनिष्ठ मूल्यांकन, सहभागितामूलक निर्णय प्रक्रियाजस्ता सुशासनका आधारभूत मान्यतालाई आत्मसात् गर्दै अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न क्यालेन्डरले अहम् भूमिका खेल्छ ।

विद्यालयले विगतको शैक्षणिक गतिविधिको समीक्षा गरेर आगामी शैक्षिक सत्रलाई अझ प्रभावकारी बनाउन खास गरी अभिभावक, विद्यार्थी, शिक्षकलगायतका शुभ चिन्तकको सल्लाह, सुझाव र सहकार्य तथा अनुभवका आधारमा योजना तर्जुमा गर्नुपर्छ । विद्यालयले योजना विद्यार्थीको पठनपाठनलाई केन्द्रबिन्दुमा राखेर बनाउनुपर्छ । शिक्षण सिकाइलगायतका शैक्षणिक कार्यक्रमलाई व्यवस्थित एवं चुस्त-दुरूस्त रूपमा सञ्चालन गर्न योजनाबद्ध शैक्षिक क्यालेन्डरको आवश्यकता पर्छ । शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउने एकाइ योजना, पाठयोजनाहरूको पनि योजना तथा वार्षिक योजनाको विकल्पका रूपमा समेत शैक्षिक क्यालेन्डरलाई प्रयोग गर्न सकिन्छ । कक्षाकोठाभित्र र बाहिरका क्रियाकलाप विद्यार्थीको रूचि, क्षमताअनुसार तोकिएको समयमा सम्पन्न गर्न सचेत पार्न, योजनाबद्ध रूपमा शैक्षिक गतिविधि सञ्चालन गर्ने बानीको विकास गर्न, शिक्षक र शिक्षाकर्मीहरूलाई स्वमूल्याङ्कन गरेर परिमार्जित एवम् परिष्कृत पेसागत प्रतिष्ठा बढाउनलगायत शैक्षिक अनुगमन, निरीक्षणलाई नियमित गरी पाठ्यक्रमले लक्षित गरेको उद्देश्यलाई यथार्थमा हासिल गर्नका लागि शैक्षिक क्यालेन्डर कोसेढुङ्गा हो । शैक्षिक क्यालेन्डरलाई शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति तथा विद्यार्थीलगायतका शिक्षाकर्मीका लागि आफ्नो जिम्मेवारी समयमा सम्पन्न गर्न सहयोग पुऱ्याउने मार्गचित्रका रूपमा पनि लिन सकिन्छ । शैक्षिक क्यालेन्डरका मुख्य प्रयोगकर्ता शिक्षक हुन् । यसले शिक्षकको पेसागत दक्षता, मर्यादा एवं कार्यक्षतामा अभिवृद्धि गरी एक सफल शिक्षकका रूपमा समाजमा सम्मानित जीवनयापन गर्न प्रोत्साहित गर्छ ।

शैक्षिक क्यालेन्डर सामान्यतया शैक्षिक सत्रको प्रारम्भ वैशाखदेखि नै लागू हुने गरी अघिल्लो चैत महिनाभित्र बनाउनुपर्छ। क्यालेन्डर बनाउनका लागि विषय शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति, आवश्यकताअनुसार अभिभावकलगायतका क्यालेन्डरमा समावेश गरिने विषयवस्तुसँग सरोकार राख्ने व्यक्तिहरूको सहकार्यमा बनाउनुपर्छ। क्यालेन्डरमा शैक्षिक सत्रभरि पढाइने विषयका पाठहरूको विभाजन यथाशक्य विस्तृत एवम् आकर्षक रूपमा प्रस्तुत गरिनुपर्छ। वर्षभरि विद्यालय खोलिने दिन, सार्वजनिक बिदा, विभिन्न परीक्षा समय, अतिरिक्त क्रीयाकलाप, सूचना तथा सन्देशमूलक भनाइहरू एवं शिक्षक विद्यार्थीले पालना गर्नुपर्ने आचर संहितालगायतका विषयवस्तुलाई समावेश गर्न सकिन्छ। स्थानीय सामाजिक मूल्य-मान्यत, संस्कार, संस्कृति र परम्पराको संवेदनशीलतालाई समेत हेक्का राखेर मात्र क्यालेन्डर बनाउनुपर्छ ।

सार्वजनिक बिदा सबभन्दा धेरै हुने देशहरूमध्ये विश्वमा नै अग्रपंक्तिमा पर्ने नेपालका विद्यालयमा पढाइ हुने दिन कम हुनु अस्वाभाविक होइन । तथापि विद्यमान संशोधित शिक्षा, ऐन-नियमअनुसार वर्षमा न्यूनतम २ सय २० दिन विद्यालयमा पढाइ हुनुपर्ने तथा सामुदायिक विद्यालयका शिक्षकले हप्तामा कम्तीमा २४ पिरियड पढाउनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक बिदाका अतिरिक्त हिउँदे वा वर्षे बिदा ४५ दिन तथा व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप ५ दिन स्थानीय बिदा दिने र सोभन्दा बढी विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ भन्ने कानुनी प्रावधानलाई समेत ध्यान दिएर शैक्षिक क्यालेन्डरका विषयवस्तु र क्रियाकलाप तथा विद्यालय खोल्ने र पढाइ हुने समय-तालिकालाई समायोजन गरिनुपर्छ ।

सामान्य क्यालेन्डरमा जस्तै यसमा पनि तिथिमितिहरू उल्लेख हुन्छन् । तर, यसमा यति फरक हुन्छ कि सबै कक्षाका सम्पूर्ण विषयका पाठ्यक्रम र पाठ्यांशहरू समावेश गरिएको हुन्छ । शिक्षकले कुन पाठ के-कति दिन लगाएर अध्यापन गर्नुपर्ने छ ? तोकिएका सिकाइ उपलब्धि हासिल भए/नभएको यकिन गर्न के-कस्ता मूल्यांकन विधि अपनाउनुपर्छ ? कस्ता-कस्ता शैक्षिक सामग्री र शिक्षण विधि उपयुक्त हुन्छ ? आदि प्रश्नहरूको उत्तर हो– शैक्षिक क्यालेन्डर ।

शैक्षिक क्यालेन्डर कतिपय सम्पन्न र जाँगरिला विद्यालयले आफूसँग भएको साधन र स्रोतको परिचालन वा सहयोग जुटाएर बनाउने गर्छन् । तर विकट गाउँठाउँका सीमित साधनस्रोत भएका विद्यालयका लागि क्यालेन्डर बनाउन कठिन नहोला भन्न सकिन्न । त्यसकारण जिल्ला शिक्षा कार्यालय वा शिक्षकका जिल्ला एवम् केन्द्रीय स्तरका पेसागत संघसस्थाले विज्ञापनलगायतका सहयोग जुटाएर क्यालेन्डर बनाई वितरण गर्न सकेमा अझ सहज र सार्थक हुन्छ ।

विभिन्न कारणले सबै विद्यार्थीको हातमा समयमा पाठ्यपुस्तक पुऱ्याउन नसकेको अवस्थामा, कतिपय विद्यालयमा पाठ्यक्रम नै नभएका र भए पनि त्यसको प्रचुर प्रयोग हुन नसकेको अवस्थामा, पर्याप्त ज्ञान र सूचनाको अभावमा शैक्षणिक कार्यक्रम सञ्चालनमा एकरूपतासमेत नहुने हुँदा विस्तृत योजना भएको शैक्षिक क्यालेन्डर पाठ्यक्रम विकास केन्द्र वा शिक्षा विभागले केन्द्रबाटै प्रकाशित गरेर वितरण गर्ने व्यवस्था भएमा शैक्षिक सुव्यवस्थाका लागि उदाहरणीय काम हुनसक्छ । अतः जिल्ला शिक्षा कार्यालयहरूलाई शैक्षिक क्यालेन्डर निर्माणका लागि रकम विनियोजन गरेर शैक्षणिक गतिविधिलाई योजनाबद्ध रूपमा नियमित र नियन्त्रित गर्न सकेमा विद्यमान शैक्षिक क्षति, विकृति र विसंगतिलाई धेरै हदसम्म न्यूनीकरण गर्न अहम भूमिका खेल्नेछ ।

बालबालिकाको समग्र विकासका निम्ति विद्यालयको वातावरण शान्त, सुरक्षित र रमाइलो हुनु अपरिहार्य हुन्छ । विभिन्न खाले आन्दोलन र हड्तालका कारण निमुखा बालबालिका अध्ययन गर्ने विद्यालय शान्ति क्षेत्रको नीति जोखिममा परेको छ। विद्यालयलाई बालबालिकाको चौतर्फी विकासको पहुँच स्थानका रूपमा विकास र विस्तार गर्ने हो भने यसको व्यवस्थित, बालसुलभ, सुरक्षित र बाल संरक्षित रूपमा गर्दै लैजानुपर्छ । विद्यालय बालबालिकाको शारीरिक, मानसिक, संज्ञानात्मक, बौद्धिक, नैतिक विकास गर्ने पवित्र साझा थलो बन्नुपर्छ ।

# घरमै गर्न सकिन्छ अनुहारको हेरचाह, यस्ता छन् उपाय !



कोरोना भाइरसका कारण करिब ८ महिनादेखि मानिसहरू घरमै बसिरहेका छन् । लकडाउन केही खुकुलो भए पनि उनीहरू बाहिर निकल्न हिच्किचाइ रहेको अवस्था छ । नेपालमा लकडाउन खुकुलो भएपछि धेरैजसो पार्लर तथा सैलुनहरू अझै सञ्चालनमा आएका छैनन् । खुलेका ठाउँमा पनि मानिसहरू जान डराइरहेको देखिन्छ ।

कोरोना भाइरस अझै केही समय हामीमाझ रहन्छ भन्ने सबैलाई थाहा छ। यस्तो समयमा अझै केही समयमा घरमा बस्नुपर्ने समेत हुनसक्छ । घरमा बस्दा हाम्रो अनुहार ५० प्रतिशत जस्तो सुरक्षित नै हुन्छ । किनभने, बाहिरको धुलो, धुवाँबाट जोगिएको हुन्छ। अनुहार ५० प्रतिशत आफैं राम्रो भएकाले देखिन्छ भने ५० प्रतिशत हामीले केयर गऱ्यौं भने थप राम्रो हुन्छ ।

बाहिर जाँदा मात्र केयर गर्ने होइन । घरमा बस्दा पनि फेसवास नगर्ने, मोस्चराइजर नलगाउने, सन्सक्रिम नलगाउने, नगर्ने गरेको देखिन्छ । त्यस्तो गर्नु हुँदैन । हाम्रो अनुहार धुलोमैलोले मात्र फोहर हुने होइन । हाम्रो घरमा भएको लाइटबाट निस्केको प्रकाशले पनि असर गरिरहेको हुन्छ ।

घरमा बस्दा पनि हामीले सुन्दरतालाई कायम राख्न यसको हेरचाह गर्न अल्छी गर्न हुँदैन । घरमै बस्ने त हो नि, किन अनुहारको केयर गर्नुपऱ्यो, किन सफाइ गर्नुपऱ्यो भनेर बस्दा अनुहारको चमक बिग्रन सक्छ । पछिल्लो समय कतिपय पार्लर, सैलुनहरूले होम सर्भिस पनि सुरु गरेका छन् । हामीले पनि पार्लर आउन नचाहने तर घरमा सर्भिस लिन चाहने ग्राहकका लागि सबैखाले सेवा घरमै गएर पनि दिने गरेका छौं। यो समयमा कोरोना भाइरसबाट बच्ने सबैखाले सुरक्षा हामीले अपनाएका हुन्छौं ।

सबैलाई घरमा बोलाएर सेवा लिने अवस्था हुँदैन । आवश्यकता पनि नहुन सक्छ । तर पनि आफ्नो अनुहारको हेरचाह भने गर्नुपर्छ। घरमा आफैंले गर्दा पार्लरकै जस्तो नहुन सक्छ । तर पनि केयर गर्न छोड्नु हुँदैन । घरमा बस्दा सामान्य केही उपाय गर्ने हो भने अनुहारको चमक र सुन्दरता कायम रहन्छ । हामीले घरमै अनुहारको हेरचाह कसरी गर्न सक्छौं त ?

**उपायहरू:**

१. सबैभन्दा पहिला त घरमा बस्दा पनि अनुहारमा सनक्रिम लगाउन बिर्सनु हुँदैन। बिहान उठेर मुख धोएपछि अनुहारमा मोस्चराइचर लगाएर सनक्रिम लगाउनुपर्छ ।

२. मोस्चराइचर मात्र लगाएर अनुहार नछोड्नुहोस । मोस्चराइचर लगाउँदा अनुहार नरम भएको हुन्छ। त्यसमा सनक्रिम नलगाउँदा घामले डढेर कालो हुने, चाँडै चाउरी पर्ने निकै सम्भावना हुन्छ। बरू अनुहारमा केही नलगाउँदा चाउरी पर्ने कम सम्भावना हुन्छ भने मोस्चराइचर मात्र लगाएर छोड्दा अनुहारमा धेरै इफेक्ट आउने सम्भावना हुन्छ। बरू मोस्चराइजर लगाउँदा मोस्चराइचर भएको सनक्रिम लगाउन सकिन्छ ।

३. एक हप्ता वा १५ दिनमा एक पटक अनुहार क्लिन्जिङ गर्ने, स्क्रब गर्ने र फेस प्याक लगाउन पनि भुल्नु हुँदैन ।

४. घरमा बस्दा सोझै अनुहारमा हावा पर्ने गरी झ्याल वा छतमा ठाउँमा बस्नु हुँदैन । हावा सोझै अनुहारमा पर्दा अनुहारको छाला सुक्खा हुने छिटै खराब हुने हुन्छ। हावाले अनुहारलाई सुख्खा बनाउँदा छिटो चाउरी पर्ने हुन्छ ।

# चिसोमा कोरोना संक्रमणको जोखिम कति?

युरोपेली राष्ट्रहरूमा कोरोना भाइरसको संक्रमण तीव्र गतिले बढ्दैछ। युरोपमा मात्र १ करोड २९ लाख ५९ हजार बढी मानिस संक्रमित भइसकेका छन् । मृतकको संख्या मात्र ३ लाख ७ हजार बढी छ ।

रसियामा हालसम्म १८ लाख ५८ हजार बढी कोरोना संक्रमित भेटिएका छन्। जसमध्ये ३२ हजार बढी संक्रमितको त मृत्यु भइसकेको छ । त्यहाँ एकै दिन २१ हजार बढी नयाँ संक्रमित भेटिएका छन् भने ४ सय बढीको मृत्यु भएको छ । विश्वको सबैभन्दा चिसो हुने देशमध्ये रसिया पनि एक हो ।

गर्मी मौसममा कोरोना भाइरसको संक्रमण रोकिने धेरैको अनुमान थियो। तर रोकिएन । चिसो मौसममा कोरोनाको संक्रमण बढ्न सक्ने स्वास्थ्य विज्ञहरूले बताउँदै आएका छन् । केही दिनयता काठमाडौं उपत्यका सहित देशभर चिसो बढेको छ। गर्मीमा भन्दा जाडो मौसममा भाइरल इन्फेक्सनको जोखिम पनि बढी हुन्छ । चिसो समयमा भाइरल ज्वरो, रुघाखोकी, निमोनिया, श्वासप्रश्वास सम्बन्धी समस्या बढ्ने चिकित्सक बताउँछन्। चिसो मौसममा कोरोनाका भाइरस अन्य समयमा भन्दा बढी बाँच्न सक्ने विभिन्न अध्ययनहरूले समेत देखाएको छ ।

जोडामा भाइरस सक्रिय हुने र भाइरल लोड समेत बढ्ने सरुवा रोग विशेषज्ञ डा अनुप बाँस्तोला बताउँछन् । चिसोमा नाक, मुख र घाँटीको कोषिकाहरू सुख्खा हुने भएकाले भाइरस फैलिन सक्ने उनले बताए ।

डा. बाँस्तोला भन्छन्, 'जाडोका कारण भाइरस सक्रिय हुन्छ। भाइरल लोड पनि बढेर जान्छ । यसमा भएको ह्युमिलिटीका कारण नाक, मुख र घाँटीको कोषिकाहरू सुख्खा हुने भएकाले भाइरस फैलिन सक्छ ।' चिसोमा अन्य भाइरल संक्रमण, मौसमी रूघाखोकी, ब्याक्टेरियल संक्रमण, निमोनियाको जोखिम हुने भएकाले जटिलता थप्ने काम गर्ने उनले बताए। जाडोमा अधिकांश व्यक्तिहरू कोठामा गुम्सिएर बस्छन् । तर कोठामा गुम्सिएर बस्दा पनि संक्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा फैलन सक्ने डा बाँस्तोला बताउँछन् । उनी भन्छन्,



'जाडोमा एउटै कोठामा हावा नछिर्ने गरी गुम्म भएर बस्नु हुँदैन । यदि कोही व्यक्ति संक्रमित छ, भने गुम्सिएर बस्दा पनि कोरोना संक्रमण फैलन सक्छ ।'

अर्को पक्ष भनेको चिसो मौसममा रोग प्रतिरोधात्मक क्षमता पनि घट्ने गर्छ। डा बाँस्तोलाका अनुसार चिसो मौसम यसै पनि मुटु रोगी र दमका रोगीका लागि जोखिमपूर्ण मानिन्छ। त्यहीमाथि कोरोना भाइरसले थप जटिलता निम्त्याउन सक्ने उनले बताए । चिसो मौसममा कोरोनाको जोखिम बढ्छ भन्ने यकिन नभए पनि अर्का सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुन सम्भावनालाई नकार्न भने सक्दैनन् । चिसो मौसममा भाइरल इन्फेक्सन बढ्ने भएकाले कोरोनाको जोखिम पनि बढ्न सक्ने उनको भनाइ छ ।

उनी भन्छन्, 'चिसो तथा सुख्खा मौसममा भाइरसहरू सक्रिय हुन्छन्। चिसोमा कोरोनाको जोखिम बढ्छ भन्ने यकिन त छैन । तर यसको सम्भावनालाई नकार्न पनि सकिँदैन ।' सुरुवाती दिनमा चीनको वुहानमा कोरोना देखिँदा पनि त्यहाँ चिसो मौसम थियो । भाइरसको प्रकृति, देखिरहेको अवस्थालाई हेर्दा कोरोनाको जोखिम बढ्न सक्ने डा पुन बताउँछन् ।

बढ्दो चिसाले विशेषगरी बालबालिका, दीर्घ रोगी, रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई सताउँछ। चिसोका कारण भाइरल ज्वरो, रुघाखोकी, निमोनिया, श्वासप्रश्वास सम्बन्धी समस्या तत्काल देखापरे उपचारको आवश्यक पर्ने डा पुनको सुझाव छ ।

# जाडोमा किन खाने मेथीको साग ? जानीराखौं

जाडोमा प्रशस्त सागसब्जी हुन्छ। रायो, तोरी, चम्सुर पालुंगोजस्ता साग यही समयमा उत्पादन हुन्छ। मौसमी सागले स्वास्थ्यलाई निकै फाइदा गर्छ। जाडोयाममा पाइने बहुगुणकारी अर्को साग हो, मेथी । मेथीको साग स्वास्थ्यका दृष्टिले अत्यन्त लाभदायक मानिन्छ ।

१. धेरैजसो मानिसहरूलाई पेटसम्बन्धि मस्याले हैरान पार्छ । यसमा कब्जियत र ग्यास्ट्रिक प्रमुख छन् । मेथीको हरियो साग खाँदा तपाईंको पाचनतन्त्रले सुचारूरूपमा काम गर्नुका साथै कब्जियत वा ग्यास्ट्रिक जस्ता समस्याबाट छुट्कारा दिलाउँछ ।

२. घरका वृद्धवृद्धाहरूले जाडोमा मेथी र ड्राइफुडको लड्डु खाएको तपाईंले देख्नुभएको होला । यसको प्रमुख कारण यो हो कि मेथीको सेवनले जोर्नीको दुखाईबाट मुक्ति दिन्छ । यसको बिउ होस वा पात, दुवैले जोर्नीको दुखाईलाई समानरूपले हल गर्छन् ।



३. मेथीको पात तपाईंको कपालका लागि पनि अत्यधिक लाभप्रद हुन्छ । यसको पातलाई पिसेर कपालमा लगाउँदा कपाल कालो, बाक्लो र चमकदार हुन्छ । साथै कपाल झर्न पनि रोकिन्छ ।

४. पेटमा किरा परेको बेलामा पनि मेथीले एउटा सटिक औषधिको काम गर्छ । अधिकांस बच्चामा यो समस्या हुन्छ । यस्तोमा मेथीको पातको रस निकालेर बच्चालाई प्रतिदिन एक चम्चा पिलाउनुपर्छ ।

५. मेथीलेरूघाबाट पनि बचाउँछ । यसलाई कुनै न कुनै रूपमा प्रतिदिन सेवन गर्दा रुँघाबाट जोगिन सकिन्छ ।

६. मधुमेहका रोगीका लागि मेथीको सेवन अत्यधिक लाभदायक हुन्छ । प्रतिदिन मेथीको पातको र निकालेर पिउँदा सुगर नियन्त्रणमा आउँछ ।

७. अनुहारको सुन्दरता बढाउनमा पनि मेथी कम्ति प्रभावकारी हुँदैन । यसलाई पिसेर अनुहारमा लगाउँदा त्वचामा चमकका साथै असिलोपन आउँछ । यसका अलावा रूखो त्वचा हुनेहरूका लागि यो अत्यन्त लाभप्रद हुन्छ ।

८. मेथीको हरियो पत्ताको तरकारीमा प्याज हालेर खाँदा तपाईंले रक्तचापको समस्याबाट छुट्कारा पाउन सक्नुहुन्छ । न्यून रक्तचाप हुनेहरूका लागि पनि मेथीको मसलावाला सागले फाइदा पुऱ्याउँछ । खासगरी अदुवा र गरम मसला यसमा लाभकारी हुन्छन् ।

९. मेथीको साग नित्य सेवन गर्दा मुटुसम्बन्धी रोगलाई नजिक आउन दिँदैन । यसले हृदयघातको सम्भावनालाई निमिट्यान्न बनाउँछ र तपाईं आफ्नो मुटुलाई पूर्णरूपमा स्वस्थ राख्न सक्नुहुन्छ ।

१०. मेथीको साग प्रतिदिन सेवन वा मेथीको दानाको चुर्ण प्रतिदिन खाँदा तपाईंको वजन नियन्त्रणमा रहन्छ, र बोसोको मात्रा बिस्तारै बिस्तारै कम हुन्छ ।

११. यदि तपाईंलाई बारम्बार पिशाब आउने समस्या छ भने मेथीको पातको रसले तपाईंलाई निकै फाइदा पुग्छ । दैनिक यसको सेवनबाट तपाईंको समस्या बिल्कुल समाप्त भएर जान्छ ।

# गुनिलो कर्कलो

## स्वास्थ्यका लागि फाइदै फाइदा

कर्कलोलाई गाभा पनि भनिन्छ । हाम्रो खेत बारि लगायत ओसिलो जंगल वा खोला किनारमा प्रसस्तै पाइने कर्कलोको बैज्ञानिक नाम चाहि कलोकेसिया एस्कुलिन्टा हो ।

यसलाई अंग्रेजिमा तारो भनिन्छ । पात डाँठ र जमिन मुनि हुने जरा, जसलाई पिडाँलु, भनिन्छ तर कारिको रूपमा उपयोग हुन्छ । कर्कलोका बिभिन्न जात हुन्छन् र सबै जात खान योग्य हुदैनन् । खान योग्य जात पनि राम्रोसंग पकाउन नजाने कोक्याउने हुन्छ। कर्कलोमा धेरै प्रकरका तत्वहरू पाइन्छन् जुन हाम्रो शरिरको लागि अति उपयोगि हुन्छ।

उत्तरपूर्बि एशियाको रैथाने यो तरकारी नेपाल, भारत देखि लिएर उत्तरि अमेरिका सम्म पाइन्छ। कर्कोलोमा पोटासियम, फोस्फोरस, मग्नेसियम, मङानेसे र कपर भरपुर मात्रामा पाइन्छ। यी बाहेक यसमा क्याल्सियम भिटामिन सि, ई र बि पनि उत्तिकै पाइन्छ। त्यसतै यसको जरा पिंडालुमा भिटामिन ए, सि र फाइबर प्रचुर मात्रामा पाइन्छ ।

यस्ता बिभिन्न खनिज पदार्थले भरिएको यस कर्कलोको के छन् त फाइदा, आउनोहोस जानौं :

**रक्तचाप र मुरुको रोगलाई फाइदा :**

पिंडालुमा कम फ्याट र सोडियम हुन्छ तर पोटासियम भने अत्यधिक हुन्छ । यहि कारण यो उच्च रक्तचाप भएका ब्यक्तिहरूको लागि अति उत्तम हुन्छ । यसमा भएको फाइबर र कार्बोहाइड्रेतले रक्त प्रबाहलाई सरल बनाउछ र तनावलाई पनि घटाउछ जसले हृदयाघात हुनबाट बचाउँछ।

**क्यान्सर :**

पिंडालुमा प्रचुर मात्रामा भिटामिन सि,ए र फेनोलिक एन्टिअक्सिडेन्ट हुन्छ जसले क्यान्सर जन्य तन्तुहरूलाई निकालेर फ्याक्न मदत गर्छ र फेरि बढ्न दिदैन ।

**मधुमेह :**

पिडालुमा पाइने फाइबर र पोटासियमले मधुमेहको रोगिमा सुगर लेबल इन्सुलिनको मात्रालाई ब्यालेन्समा राखेइ सुगर बढ्नबाट रोक्छ ।

**तौल घटाउछ :**

पिडालुमा हुने कम्ति क्यारोलिरिको कारण यो बढि तौल भएका ब्यक्तिहरूलाई अति उत्तम हुन्छ किनकि यसले तौल बढाउदैन ।

**सुन्दर छाला :**

पिडालुमा हुने भिटामिन ए र सि छालाको अति आबश्यक तत्व हुन्। यी भिटामिनले छालाको तन्तुहरूलाई छिटो छिटो बिकसित गर्छ र छालाको आबरणलाई बचाइराख्न मदत गर्छ ।

# कैलाश गाउँपालिकाको प्रशासकीय भवनको शिलान्यास



◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाश गाउँपालिकाको प्रशासकीय भवनको २६ कात्तिकमा शिलान्यास गरिएको छ। विशेष कार्यक्रमकाबीच जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख रघुनाथ खुलालले प्रशासकीय भवनको शिलान्यास गरेका हुन् ।

भवन शिलान्यास गर्नुहुँदै प्रमुख खुलालले हालसम्म अस्थायी प्रशासकीय भवनबाट सेवा सञ्चालन भइरहेको गाउँपालिकामा सुविधासम्पन्न भवन निर्माणले सेवा प्रवाह थप प्रभावकारी हुने बताए । गाउँपालिकाको आफ्ने सुविधा सम्पन्न भवन निर्माण सँगै सेवा प्रवाह थप चुस्त तथा दुरूस्त हुने विश्वास समेत व्यक्त गरे । सो अवसरमा उहाँले तोकिएकै समयमै भवन निर्माण सम्पन्न गर्ने र भवनको गुणस्तरमा ध्यान दिन आग्रह समेत गरे । जिल्ला समन्वय समितिको मौजदात कोषबाट २ करोड रूपैया अनुदान प्राप्त भए पछि गाउँपालिकाले प्रशासकीय भवन निर्माण गर्न लागेको हो ।

जिससबाट प्राप्त २ करोड र गाउँपालिकाको १ करोड १८ लाख ५३ हजार ९ सय २५ रूपैया गरि कुल ३ करोड १८ लाख ५३ हजार ९२५ रूपैया लागतमा २८ कोठे भवन निर्माणका लागि सिस्टमेटिक ईन्जिनीयरिङ एसोसियट कन्सल्टेन्सि प्रा.ली. काठमाण्डौसंग सम्भौता भएर भवन निर्माण हुन लागेको गाउँपालिका अध्यक्ष टंक मोक्तानले जानकारी दिए ।। मोक्तानका अनुसार आगामी २०७८ साल पुष ७ गते सम्पन्न गर्ने गरि भवन निर्माणको सम्भौता भएको छ। कार्यक्रममा उनले गाउँपालिकाका १० वटै वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालन भएको अवस्थामा मुख्य प्रशासकीय भवन नहुँदा आएको समस्या अब समाप्त हुने बताए । अस्थाई भवनबाट सञ्चालित प्रशासकीय भवन समेत केहि समय अघि आगलागी भएर समस्या भईरहेको अवस्थामा भवन निर्माणका लागि जिससबाट प्राप्त सहयोग प्रति खुसी व्यक्त गर्दै आभार समेत व्यक्त गरे । गाउँपालिकाको प्रशासकीय भवन केहि समय अघि आगलागी भई पूर्ण रूपले क्षती भएको थियो ।

शिलान्यास कार्यक्रममा गाउँपालिकाको प्रशासकीय भवन र स्वास्थ्य चौकी भवन निर्माणका लागि निशुल्क जग्गा दान गर्नुहुने जग्गादाताहरूलाई प्रमुख खुलालले सम्मान समेत गरेका थिए। प्रशासकीय भवन र स्वास्थ्य चौकी भवन निर्माणका लागि स्थानीय रामलाल घलान, सिंगराम घलान र गोविन्द पाठकले जग्गा दान गरेका थिए। कार्यक्रममा गाउँपालिकाको प्रशासकीय भवनका २ रोपनी साथै स्वास्थ्य चौकीका लागि सिंगराम घलानले ५ रापनी र गोविन्द पाठकले २ रोपनी जग्गा दान गरेका हुन् । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मालगायत कर्मचारीहरूको उपस्थिती थियो ।

# विद्यालयमा क्वारेन्टिन र आइसोलेशन राख्न नपाइने




◆ विकास संवाददाता

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय भवन तथा परिसरमा क्वारेन्टाइन र आइसोलेसन सम्बन्धी कार्यहरू सञ्चालन नगर्न निर्देशन दिएको छ । नोवेल कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्था हेरेर भौतिक रूपमै विद्यालय सञ्चालनको अनुमती दिएको मन्त्रालयले विद्यार्थी आवतजावतमा बाधा पर्ने कुनै पनि गतिविधि नगर्न निर्देशन दिएको हो ।

'विद्यालय र विद्यालय परिसर भित्र तथा विद्यार्थी आवागमनमा प्रतिकुल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धी संरचनाहरू नराख्ने', मन्त्रालयद्वारा जारी विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा भनिएको छ । यसअघि क्वारेन्टाइन र आइसोलेसनका रूपमा प्रयोग भएका विद्यालयहरूलाई सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम निर्मलीकरण गर्न सम्बन्धित स्थानीय तहहरूलाई भनिएको छ ।

स्थानीय तहहरूलाई जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको अवस्था विश्लेषण गरी विद्यालय बन्द वा पुनःसञ्चालनको अधिकार दिइएको छ ।

विद्यालय पुनः सञ्चालन सम्बन्धी निर्णय लिंदा उपलब्ध भएसम्म जनप्रतिनिधि, शिक्षाविद्, शिक्षक महासंघ, विद्यालय सञ्चालका छाता संगठनका पदाधिकारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, शिक्षक अभिभावक संघका पदाधिकारी, स्वास्थ्यकर्मी, बाल युवा क्लबका पदाधिकारी र सदस्यहरूसंग परामर्श लिनुपर्दछ ।

# विद्यालय संचालनको जिम्मा स्थानीय तहलाई

◆ विकास संवाददाता

शैक्षिक सत्र खेर जाने जोखिम बढेपछि सरकारले नोवेल कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्था विश्लेषण गरेर भौतिक रूपमै विद्यालय सञ्चालन गर्न दिने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्मा स्थानीय तहले परिस्थिति विश्लेषण गरेर यो विषयमा आवश्यक निर्णय लिने र विद्यालयलाई समय समयमा निर्देशन दिनुपर्ने बताउँछन् ।'समग्र अनुगमन संघीय र प्रदेश सरकारले गर्छ' प्रवक्ता शर्मा भन्छन्, 'तर प्रत्यक्ष निगरानी र अनुगमनको जिम्मेवारी सम्बन्धित पालिकाकै हो ।'

मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचामा सम्पूर्ण सुरक्षा मापदण्ड पुरा गरेर विद्यालय पुनःसञ्चालन वा बन्द गर्ने निर्णय स्थानीय तहले गर्नुपर्ने भनिएको छ । विद्यालय सञ्चालनका लागि आवश्यकता अनुसार कक्षाकोठा, सभाहल, छात्रावास, फर्निचर, शौचालय आदि पुनःव्यवस्थापन तथा मर्मत गर्नुपर्नेछ ।

स्थानीय तहले विद्यालयहरूमा पानी, स्वास्थ्य तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने गराउने, हात धुने, खोकी लाग्दा वा हाच्छिउँ गर्दा मुख छोप्ने, अन्य सुरक्षा उपकरण प्रयोग गर्ने र घरमा समेत त्यसको अभ्यास गराउन व्यवस्थापन गर्नुपर्नेछ। विद्यालयमा आवश्यक मापदण्ड पुरा भएको छ वा छैन भनेर यकिन जिम्मेवारी सम्बन्धित पालिकाको हो । आधारभूत र माध्यमिक शिक्षा पालिकाहरूको अधिकार संविधानले स्थानीय तहलाई दिएको छ । शिक्षा स्थानीय, प्रदेश र संघको साझा अधिकारको सूचिमा पनि छ। कोरोनाको अवस्थाबारे संघ र प्रदेश भन्दा स्थानीय सरकार जानकारहरू शिक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

# ३७ जना फरार अभियुक्तलाई पक्राउ

◆ विकास संवाददाता

मकवानपुर प्रहरीले ५ दिनमा ३७ जना फरार अभियुक्तलाई पक्राउ गरेको छांगत शनिबारदेखि बुधबारसम्ममा विभिन्न अपराधमा संलग्न रही फरार भएका ३७ व्यक्तिलाई पक्राउ गरेको हो ।

जिल्ला अदालत मकवानपुरले समेत विभिन्न मितिमा दोषी करार गरी सजायको फैसला गरिसकेका अभियुक्तहरूलाई कारागार चलान गर्ने तयारी गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

उनीहरूलाई कैद तथा जरिबाना भुक्तानको लागि जिल्ला अदालत मकवानपुर उपस्थित गराइएको छ। उनीहरूको ८ बर्ष ५ महिना १५ दिन कैद र ८० हजार ७५ रूपैयाँ जरिवाना रहेको प्रहरीले जनाएको छ ।

# प्रमुख प्रशासकीय अधिकृतले १८ बुँदे प्रतिवद्धता गर्नुपर्ने

◆ विकास संवाददाता

स्थानीय पालिकाका प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहमा कार्यभार सम्हाल्न जानुअघि अब देखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग १८ बुँदे सम्भौतामा अनिवार्य प्रतिबद्धता गर्नुपर्ने भएको छ ।

यस नयाँ ल्याउन लागिएको प्रावधानअनुसार महानगर, उपमहानगर, नगर र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सामान्य प्रशासन मन्त्रालयसँग प्रतिबद्धता गरेर मात्रै स्थानीय तहमा कार्यभार सम्हाल्न जान मिल्ने मन्त्रालयले जनाएको छ ।

नयाँ ल्याउन लागिएको यस प्रावधानले मन्त्रालयका नीति कार्यान्वयन गर्न सहज हुनुका साथै प्रतिबद्धता गरेर जाने कर्मचारीलाई पनि सहज हुने मन्त्रालयका सहसचिव एवं प्रशासन महाशाखा प्रमुख राजीव पोखरेलको भनाई छ । 'यसमा दुइटा कुरा हुने भो' उनले प्रशासनसँग भने, 'एउटा प्रशासकीय काममा सरलीकरण हुने भो, दोस्रो आर्थिक क्रियाकलापहरू 'सूत्र'मात्र गरिने भएकाले वित्तीय सुशासन कायम राख्न सहज हुनेछ ।'

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ तथा नियमावली २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधान अनुसार यो व्यवस्था ल्याउन लागिएको मन्त्रालयले स्पष्ट पारेको छ । सम्भौतामा 'वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक, वित्तीय एवं सार्वजनिक खरिद कानुन, नियम, निर्देशन परिपत्र र कार्यविधिहरूको पूर्ण पालना गर्नुका साथै प्राथमिकता साथ कार्यान्वयन गर्नेछु साथै सम्पूर्ण आर्थिक कारोबार सूत्र मार्फत सञ्चालन गर्नेछु' भनी प्रशासकीय अधिकृतले प्रतिबद्धता जनाउनु पर्नेछ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# चित्लाङमा लक्ष्मी जयन्ती मनाइयो

◆ विकास संवाददाता

महाकवि लक्ष्मीप्रसाद देवकोटाले सिर्जना गरेको यात्री कविता नसुनेकाहरू विरलै होलान् । उनै महाकवि देवकोटालाई यात्री कविता फुरेको ठाउँ हो, मकवानपुर थाहानगरको चित्लाङ । स्थानीय बयोवृद्धहरूको अनुसार चर्चित कविता यात्रीको रचना गर्भ झण्डै सातदशक अघिको समय हो । चित्लाङमा रहेको एउटा ढुङ्गे धारामा बसेर महाकवि देवकोटाले रचना गरेको जनश्रुति छ ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाले सन्देश मर्मस्पर्सी कविता फुरेको चित्लाङको गुर्जुधारामा यस वर्ष बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल पुगे । त्यही १ सय ११ औ लक्ष्मी जयन्ती कार्यक्रमको आयोजना गरे । काठमाण्डौं प्रवेश गर्ने देशकै मुल बाटैमा पर्ने गुर्जुधारमा पुगेका मन्त्री फुयाँलले महाकवि देवकोटाप्रति श्रद्धासुमन व्यक्त गरे । सम्पदा संरक्षण अभियान नै संचालन गरिरहेका मन्त्री फुयाँलले चित्लाङको गुर्जुधारा पुर्ननिर्माण गर्ने बाचा गरे । नजिकैको सातधारा र राजकुलोका लागि पनि बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाए । १ सय ११ औ लक्ष्मी जयन्तीको अवसरमा चित्लाङमा आयोजित कार्यक्रममा मन्त्री फुयाँलले महाकवि लक्ष्मी प्रसाद देवकोटालाई स्मरण गरे, देवकोटाको योगदानको चर्चा गरे । चित्लाङ-काठमाण्डौं पुरानो बाटोको यात्रा कल्पना गर्दै भने-'चित्लाङ भएर कति मान्छे बुटा समाउँदै, पिङ खेल्दै-खेल्दै हिडे होलान्, सम्राट अशोकले छोरी चारूमतीलाई लिएर हिडेको बाटो पनि यहि हो ।' 'यो बाटो ऐतिहाँसिक छ, यसको इतिहास मेटिन हुन्न ।' चित्लाङ-थानकोटको ऐतिहाँसिक बाटोलाई सडकमा परिवर्तन गर्न सक्षम भएको उल्लेख गर्दै अब सम्पदा संरक्षण, राजकुलो, ढुङ्गे धारा संरक्षण र व्यवस्थापनका लागि सहयोग गर्ने मन्त्री फुयाँलले प्रतिवद्धता व्यक्त गरे ।

लक्ष्मी प्रसाद देवकोटाले रचेको यात्री कविताको मर्म हामी कसैले बिर्सन नहुने मन्त्री फुयाँलको भनाइ थियो । 'गाउँमा पुराना धातु संकलन गरेर भए पनि गुर्जुधारा छेवैमा देवकोटाको प्रतिमा बनाऔं'-उनले कार्यक्रममै प्रस्ताव राखे । स्थानीयहरूले प्रस्तावलाई कार्यान्वयन गर्ने अठोट गरेको डाक्टर रामहरि लामिछानेले बताए । कार्यक्रमको अवसरमा सताब्दी पुरूष सत्य मोहन जोशी र बरिष्ठ पत्रकार भैरब रिसालले फोनबाटै लक्ष्मी जयन्तीको अवसरमा शुभकामना दिएका थिए । जोशी तथा रिसालले लक्ष्मी प्रसाद देवकोटाको साहित्यिक योगदान तथा उनको सृजनाको चर्चा गरेका थिए ।



१ सय ११ लक्ष्मी जयन्तीको अवसर मा पुर्वाधार विकास मन्त्री फुयाँलले महाकवि देवकोटाका विभिन्न कृतिहरू सम्झदै चित्लाङमै रचिएको कविता सम्झे:

*कुन मन्दिरमा जान्छौ यात्री*
*कुन मन्दिरमा जाने हो*
*कुन सामग्री पूजा गर्ने*
*साथ कसरी लाने हो .....*

देवकोटा परिवारले २०४२ सालमा चन्द्रागिरी भन्ज्याङमा ठूलो बोर्डमा यात्री कविता लेखेर झुण्ड्याएका थिए । द्वन्द्वकालका बेला उक्त बोर्ड हराएको मानन्धरले सुनाए ।

चन्द्रगिरीबाट मकवानपुर झर्दा पहिलो धाराको रूपमा रहेको गुर्जुधारामा बसेर सुस्ताउदै महाकवि लक्ष्मीप्रसाद देवकोटाले विक्रम संवत १९९८ मा कविता लेखेको बताइएको छ । चन्द्रगिरीको फेदीमा चित्लाङ-२ मा रहेको धारामा बसिरहेका देवकोटाले पशुपति दर्शनका लागि अर्को व्यक्तिको काँधका बोकिएर आएका भारतीय तिर्थयात्रीहरूलाई देखेर यो कविता लेखेको स्थानीय बुद्धरत्न मानन्धरले बताए । अहिले धारा नजिकैका घरहरू भत्किसकेको अवस्थामा पुगेका छन् । देवकोटाले धारामा पानी पिएर थकाई मारेर बसेको ढुङ्गो अझै त्यहीँ रहेको मानन्धरले जानकारी दिए । पशुपतिनाथ दर्शनका लागि धेरै संख्याका भारतीय नागरिकहरू त्यही बाटो भएर काठमाडौँ जाने गरेका थिए ।

राजधानी काठमाडौँलाई जोड्ने पहिलो सडक त्रिभुवन राजपथ निर्माणपूर्व काठमाडौँ-चन्द्रागिरी-चित्लाङ-भीमफेदी हुँदै हेटौँडाबाट भारतीय सीमासम्म पुग्ने गरिन्थ्यो । नेपाल भारत सीमा क्षेत्रवाट काठमाडौँ जानका लागि अन्य बाटो नभएपछि यही मार्गको प्रयोग हुने मनन्धरले बताए । उनले भने-'उतीबेला चित्लाङको बाटो दुई तर्फी चल्थ्यो, राती सुत्ने दिनभरी व्यापार गर्थे ।' चित्लाङमै यात्री कविता रचेको घरैमा दस्तावेज भेटेर देवकोटा परिवारका पाँचजनाले वि.सं. २०४१ सालमा चित्लाङ आएर ठाउँ अवलोकन गरेको तत्कालिन स्वच्छन्द भैरब स्कूलका प्रधानाध्यापक बुद्धरत्न मानन्धरले जानकारी दिए । देवकोटा परिवारले २०४२ सालमा चन्द्रागिरी भन्ज्याङमा ठूलो बोर्डमा यात्री कविता लेखेर झुण्ड्याएका थिए । द्वन्द्वकालका बेला उक्त बोर्ड हराएको मानन्धरले सुनाए । लक्ष्मी प्रसाद देवकोटालाई सम्झिनको लागि चित्लाङमा उनको अर्धकदको शालिक निर्माण गर्ने अभियानको बहस चलिरहेको मानन्धरले बताए ।

थाहा नगरपालिका वडा नम्बर ९ को व्यवस्थापनमा भएको लक्ष्मी जयन्ती कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्ट, उपप्रमुख खड्ग गोपाली, भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव संजीव बराल, भिमफेदी कुलेखानी सुरूङमार्ग प्रमुख नवीन सिंहलगायतका व्यक्तित्वहरू सहभागी थिए ।

## सिमभन्ज्याङमा कृतिम ... ..

विश्वास प्रकट गरे । धेरै संभावना बोकेको थाहा नगरपालिकामा एउटा महत्वपूर्ण ठाउँ सिमभन्ज्याङ भएकोले भौतिक पुर्वाधार विकास मन्त्रालय बागमती प्रदेशले प्राथमिकताको साथ उपस्थिती देखाएकोमा विष्टले खुशी व्यक्त गरे । पुर्वाधार विकास तथा सम्पदा संरक्षणमा मन्त्री फुयाँलले थाहा नगरप्रति देखाउनु भएको अपनत्वप्रति आभार व्यक्त गरे ।

करूणाभूमी सामुदायिक वनका अध्यक्ष बिनोद लामाले स्रोत अभावकै कारण हालसम्म तालको विकास कार्य अधुरो रहेको सुनाए । भौतिक पुर्वाधार विकास मन्त्री फुयाँलले दिनू भएको आश्वासन पूरा हुनेमा सार्वजनिक कार्यक्रममै लामाले विश्वास प्रकट गरे । उनले वातावरण अनुकुल वनस्पतीले सिमभन्ज्याङको सौन्दर्य बढाउने हुँदा त्यस कार्यका लागि प्रतिबद्धता जनाए । करिब एकदशक अघि निर्माण थालिएको कृतिम पर्वतीय ताल सिमभन्ज्याङका लागि हालसम्म तत्कालिन स्थानीय विकास मन्त्रालयबाट ७ लाख, शहरी विकास मन्त्रालय र थाहा नगरपालिकाबाट ३/३ लाखको लागतमा केही संरचना निर्माण भएपनि धेरैजसो कार्य स्रोत अभावमा अधुरो रहेको सामुदायिक वनका अध्यक्ष लामाले बताए ।

थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष दिपकसिं लामाको सभाध्यक्षताम भएको कार्यक्रममा नेकपा बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट, नेकपा थाहानगर सदस्य बिमलकुमार ढकाल, सिमभन्ज्याङ बजार व्यवस्थापन समितिका पदाधिकारीहरू, सुरक्षाकर्मी पत्रकार लगायत सर्वसाधारणको उपस्थिती रहेको थियो ।

# नेपाल संवत ११४१ को कार्यक्रम पालुङमा औपचारिकतामै सीमित

◆ विकास संवाददाता

यस वर्षका चाडपर्वहरू अघिल्ला वर्षहरूको जस्तो हुँदै भएनन् । कारण, विश्वमहामारीको रूपमा रहेको कोरोना भाइरसको संक्रमण बढ्यो । मकवानपुरको थाहानगरमा पनि संक्रमितहरू बढिरहेका छन् । यसै भएर स्थानीय तह, संघ र प्रदेश सरकारले पनि सामान्य शुभकामना मात्र प्रदान गरी मनाउन आग्रह गरेपछि पालुङका स्थानीयहरूले सहजै मानेको देखिन्छ ।

यद्यपि नेपाल संवत ११४१ को अवसरमा मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ पालुङमा नेपाल संवत सामान्य कार्यक्रम गरेर मनाए । विल्कुलै नेवारी समुदायको जस्तो देखिने वा रहने पालुङ युवा समाजका अध्यक्ष विजय विक्रम श्रेष्ठले जानकारी दिए । यस वर्ष १ मंसिरमा परेको नेपाल संवतको विशेष कार्यक्रम कोरोना भाइरसका कारण भौतिक दूरी कायम गरेर धेरै भिडभाड नगरी स्थानीय तहको अनुरोधका आधार मा सामान्य रूपमा मनाइएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले भने-'न्हुँदा भिन्तुना मूल आयोजक समितिले पहिले नै सूचना जारी गरी सामान्य ढंडगले मनाउने योजना बनाएका थियौं, त्यही अनुसार कार्यक्रम गर्यौ ।'

यसैबीच नेपाल संवत्को अवसरमा पालुङको लामपाटी अगाडि रहेको राष्ट्रिय झण्डा फेरिएको छ । वर्षेनी नेपाल संवत्को पहिलो दिनमा फेरिने गरिएको राष्ट्रिय



झण्डा यस वर्ष पालुङका जेष्ठ नागरिक गोपाल मान श्रेष्ठले फेरेका हुन् । ज्येष्ठ नागरिक श्रेष्ठको विशेष उपस्थितीमा स्थानीयहरूले झण्डा फेरेका हुन् । तर वास्तवमा नेपालको अफ्नै मौलिक संवत्, राष्ट्रिय सम्बत नै नेपाल संवत् हो ।

नेपाल संवत् ११४१ को अवसरमा पालुङमा न्यून उपस्थिति तथा सामान्य ढंगले १ मंसिरमा कार्यक्रम गरिएको हो । विगत केही वर्षदेखि थाहा नगरपालिका भित्र रहेका ओखर गाउँ, गोपाली गाउँ र पालुङका युवाहरूको सक्रियतामा बृहत रूपमा मोटरसाइकल ऱ्याली तथा सांस्कृतिक कार्यक्रम गरी मनाइने गरेको भएपनि यसवर्ष कोरोना कहरका कारण सामान्य ढंगले मनाइएको थियो ।

पालुङका स्थानीय रोजन श्रेष्ठको संयोजकत्वमा भएको कार्यक्रममममा उनले कोरोना भाइरस संक्रमणको महामारीको बेलामा सचेत रही चाडबाडमा मनाउनको लागि अपिल गरे । संयोजक श्रेष्ठले नेपाल संवत्को शुभकामना आदान प्रदान गरी, स्थानीयको न्यून उपस्थितिमा भण्डोत्तोलन कार्यक्रम समापन समापन गरिएको थियो ।

# सम्पदा संरक्षणमा जनजातिहरूको भूमिका महत्वपूर्ण

◆ विकास संवाददाता

बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलले सम्पदा संरक्षणमा नेपालका आदिवासी जनजातिहरूको महत्वपूर्ण भूमिका रहने बताएका छन् । मकवानपुरको थाहा नगरपालिकाको गोपाली गाउँमा भएको सम्पदा संरक्षण सम्बन्धी कार्यक्रममा उनले यस्तो बताएका हुन् । गोपालीहरू मुलुककै पुरानो जाती भएको बताउँदै विकासको क्रममा पुस्ताहरूले ज्ञानसीपका आधारमा सम्पदा निर्माण गरेको र तिनको संरक्षण अहिलेको आवश्यकता रहेको मन्त्री फुयाँलले औल्याए ।

ऐतिहाँसिक सम्पदा र पुरातात्विक कुराहरू संरक्षणमा १ सय २५ जात र १ सय २३ भाषाकै योगदान रहको मन्त्री फुयाँलले बताए । वडा नम्बर ३ गोपाली गाउँमा रहेको सेति गणेश मन्दिरमा पुजामा समेत सहभागी भएका मन्त्री फुयाँलले निर्वाचनका बेला जुनसुकै पार्टीबाट उठेको भएपनि विकास साझा एजेण्डा बनाउन आवश्यक भएको औल्याए । समाज बदल्ने कामका लागि सँधै लागि संघर्ष गर्नुपर्ने उनको भनाइ थियो । यसका लागि छोरा छोरी बराबरी, गाउँ र शहर सुविधाले बराबरी, मानसिक र शाररीक श्रम बाराबरी गर्नुपर्ने उनको भनाइ थियो । 'यति गरे देश बन्छ, समाज त बदलिन्छ बदलिन्छ'-फुयाँलले भने- सबैको प्रगति हुनेछ, सेति गणेशले त्यही भन्ठान्नू भएको होला ।'

सेती गणेश मन्दिर छेवैमा रहेको जोर ढुङ्गे धाराको संरचनालाई नबिगारी संरक्षण गर्न उनले सुझाव दिए । ऐतिहाँसिक धाराको मर्मत गर्न आग्ह गर्दै सिमेन्टले नपोत्न सुझाउँदै भने-'सिमेन्टले पोतेर हैन कलात्मक विकास गर्नुहुन्छ भने म सहयोग गर्छु ।' मन्त्री फुयाँलले यसका लागि धारो मर्मत गर्न लाग्ने पैसाको आधा पैसा म खोज्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा संगै रहेका मन्त्रालयका सचिव संजीव बराललाई इसारा गर्दै मन्त्री फुयाँलले आगामि वर्षको बजेट तर्जुमा गर्दा सेति गणेश मन्दिर परिसर मा फल्चा र मन्दिर सबैको योजना बनाउन आग्रह गरे । उनले भने-'हामी केही न केही सहयोग गर्छौं, सबै कुरामा जनताको सहभागिताको सहित विकास गर्छौं ।' जनता परिचालित नभई भएको विकास दीगो नहुने उल्लेख गर्दै सहभागितामुलक विकास गर्न आग्रसर रहेको सुनाए । नेवारी संस्कृतिक सहितको पर्यटन प्रवर्द्धन गर्दै रञ्जना लिपीको विकास गर्न मन्त्री फुयाँलले थाहा नगरपालिकालाई अनुरोध गरे ।

विकास
साप्ताहिक
२०७७ मंसिर ०१ गते सोमबार, 16 Nov. 2020, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com



## कर्मचारी आवश्यकता

सूचना प्रकाशित मितिः २०७७/०७/२६

थाहा नगरपालिकामा तपसिलको कामकाज गर्न देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनूहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पद : उद्यम विकास सहजकर्ता
संख्या : २ (दुई)

**न्यूनतम शैक्षिक योग्यताः**

-प्राविधिक तथा व्यवशायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषद उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेका वा प्राविधिक शिक्षा तथा तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उतीर्ण गरेको ।

**दरखास्त आवेदनको लागि आवश्यक कागजातहरुः**

१. पासपोर्ट साइजको फोटो २ प्रति
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

दरखास्त दस्तुर : रु.५००/-(पाँचसय)
दरखास्त दिने अन्तिम मिति : २०७७ मसिर ११ गते
सर्टलिष्ट प्रकाशन मिति : २०७७ मसिर १४ गते
परीक्षा मिति, किसिम र केन्द्र : सर्टलिष्ट पश्चात तोकिनेछ
पदमा रही गर्नुपर्ने कामको विवरण : गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ ले तोको बमोजिम ।
तलब तथा अन्य सुविधि : नगरपालिका कार्यालयले तोके बमोजिम

*द्रष्टव्यः लघु उद्यम विकास कार्यक्रममा कार्यानुभव भएको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।*

**थाहा नगरपालिका**
**इन्द्रायणी चौर, मकवानपुर**

पलपलको खबरका लागि : thahatimes.com

## करार सेवा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०८/०१


संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयको मिति २०७७/०५/२३ को प्राप्त पत्रअनुसार यस थाहा नगरपालिका अन्तर्गत कोभिड-१९ अस्थायी अस्पतालका संचालनका लागि देहाय बमोजिमको पदहरुमा ३ महिने करार सेवामा कर्मचारी आवश्यक रहेकोले इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त दिनूहुन सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | पद | आवश्यक संख्या | आवश्यक शैक्षिक योग्यता | कामगर्ने स्थान |
|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | १ (एक) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. कोर्ष उत्तीर्ण भई सम्बन्धीत काउन्सिलमा दर्ता भई म्याद कायम भएको ।<br>• अनुभव कम्तिमा एक वर्ष भएको । | थाहा नगरपालिका अन्तर्गतको वडा नं. ४ रहेको कोभिड अस्थायी असपताल |
| २. | स्टाफ नर्स | २ (दुई) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तीर्ण भई सम्बन्धीत काउन्सिलमा दर्ता भई म्याद कायम भएको ।<br>• अनुभवीलाई प्राथमिकता , | थाहा नगरपालिका अन्तर्गतको वडा नं. ४ रहेको कोभिड अस्थायी अस्पताल |
| ३. | कार्यालय सहयोगी | १ (एक) | • साधारण लेख पढ भएको ।<br>• अनुभवीलाई प्राथमिकता। | थाहा नगरपालिका अन्तर्गतको वडा नं. ४ रहेको कोभिड अस्थायी अस्पताल |

१. थाहा नगरपालिका कार्यालयमा सार्वजनिक विदा बाहेक कार्यालय समयमा दरखास्त बुझाउन सकिने छ । निवेदन लोक सेवा आयोगको दरखास्त फारम भरी बुझाउनु पर्ने छ । रित पूर्वक पेश हुन नआएका निवेदन उपर कुनै कारवाही हुनेछैन । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको पहिलो दिन बुझाउन सकिने छ ।
२. दरखास्त फारम लोक सेवा आयोगको वेभसाईट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
३. स्थानीय उमेद्वारलाई विशेष प्राथमिकता दिइने छ ।
४. सम्पर्क मिति दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट र परीक्षा मिति सम्पर्क मितिका दिन तोकिनेछ ।
५. छनोट प्रक्रिया : अन्तरवार्ता
६. निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः उमेदवारको व्यक्तिगत विवरण, अनुभव भए सो को प्रमाण, नेपाली नागरिकताको प्रणपत्रको प्रतिलिपी, आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु ।
७. तलबभत्ता : नेपाल सरकारको नियमानुसार हुनेछ ।
८. उमेद्वारको उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
९. आवेदन दस्तुर मेडिकल अधिकृतको लागि रु.१०००/- स्टाफ नर्सको लागि रु.५००/- कार्यालय सहयोगीको लागि र. २००/- यस कार्यालयको राजश्व शाखामा जम्मा गरी भौचर संलग्न गरी बुझाउनु पर्नेछ ।

**थाहा नगरपालिका**
**इन्द्रायणी चौर, मकवानपुर**




**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी